# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(योजना तथा बजेट शाखा)

प.सं. : २०७७/०७८ (योजना)
च.नं. : २८६२

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।
मिति : २०७७/११/१४

श्री वडा कार्यालय (२, ३, ५, ११)
श्री प्राविधिक (सम्बन्धित वडाहरु हेर्ने),
धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली।

**बिषय: उपभोक्ता समिति गठन गरि पठाई दिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश पूर्वाधार विकास कार्यक्रम, क्षेत्र नं. ५ (ख) अन्तर्गत तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरुका लागि सशर्त अनुदानका रुपमा रकम हस्तान्तरण गरिने भएकाले सो आयोजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि यस धनगढी उप-महानगरपालिकाको ***उपभोक्ता समिति गठन, परिचालन, तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिम पुरा गर्नुपर्ने दायित्व, रीत एवम् प्रकिया र अन्य प्रचलित कानून, कार्यविधि, मापदण्ड एवंम् प्रशासनिक मूल्यको अधिनमा रही उपभोक्ता समिति गठन गरी पठाइदिन हुन अनुरोध छ।

**पुनश्च:** आम भेलाबाट उपभोक्ता समिति गठन गर्दा यसै पत्रसाथ संलग्न धनगढी उप-महानगरपालिकाको उपभोक्ता समिति गठन ढाँचालाई अनिवार्य रुपमा प्रयोग गरि ***"सेवा प्रवाहमा सहजता, गुणस्तरियता र एकरुपता"*** कायम राख्दै गठित उपभोक्ता समितिको प्रमाणित प्रति (**थान-१**) जानकारीका लागि यस कार्यालयको योजना तथा बजेट शाखामा अनिवार्य रुपमा पठाईदिन हुन जानकारी गरिन्छ। साथै, उक्त कार्यका लागि सहकार्य, समन्वय र सहजीकरण गरिदिन हुन सबै वडा कार्यालयका जनप्रतिनिधि, वडा-अध्यक्ष, वडा-सचिव र सम्बन्धित वडा हेर्ने वडा प्राविधिक लगायत अन्य सरोकारवाला पदाधिकारीलाई विशेष अनुरोध छ।

.........
(सत्यराज जोशी)
योजना तथा बजेट अधिकृत

सत्य राज जोशी
योजना अधिकृत

**बोधार्थ:**
**श्री नगर प्रमुख ज्यूको सचिवालय,**
धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली।
**श्री नगर उप-प्रमुख ज्यूको सचिवालय,**
धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली।

**श्री सूचना प्रविधि शाखा :** पत्रलाई सम्बन्धित वडा कार्यालयहरुमा **'Email'** गर्न हुन साथै **Website** मा समेत **Upload** गर्न हुन।

तपसिल :

## प्रदेश पूर्वाधार विकास कार्यक्रम

सशर्त अनुदान तर्फका आयोजना/कार्यक्रमहरु

जिल्ला : कैलाली | निर्वाचन क्षेत्र नं. : ५ (ख)

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | जम्मा रकम (हजार) | क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | बैयाबेहडी रोडदेखि पश्चिम, भन्सार रोडदेखि पूर्व ग्राभेल निर्माण | ध.उ.म.न.पा. २, रैका टोल | १००३ | कैलाली ५ (ख) | |
| २ | ध्रुब बोगटीको घरदेखि दक्षिण रमेश चौधरीको घरसम्म र मिलन मार्गदेखि रिङरोडसम्म सडक ग्राभेल | ध.उ.म.न.पा. ३ | १००३ | कैलाली ५ (ख) | |
| ३ | यातायात कार्यालय नजिक शिखर टोल सडक कालोपत्रे निर्माण | ध.उ.म.न.पा. ५ तारानगर | ८०२ | कैलाली ५ (ख) | |
| ४ | नमस्ते विकास टोल सडक ग्राभेल | ध.उ.म.न.पा. ५ तारानगर | ३०१ | कैलाली ५ (ख) | |
| ५ | माधव पौडेलको घरदेखि मेखराज जोशीको घरसम्म खानेपानी पाइप विस्तार | ध.उ.म.न.पा. ५, पशुपति टोल जाई | २०० | कैलाली ५ (ख) | |
| ६ | देवीपुर बेला बोरिङदेखि ऋषिराज चोकसम्म सडक ग्राभेल | ध.उ.म.न.पा. ११ | १००३ | कैलाली ५ (ख) | |
| ७ | सेहरी जाने पूलदेखी विवेक भट्ट पोल्ट्री फर्मसम्म ग्राभेल निर्माण | ध.उ.म.न.पा. ११ | १००३ | कैलाली ५ (ख) | |
| | जम्मा | | ५३१५ | | |